कोशी प्रदेश सरकार

खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय

# जलश्रोत तथा सिंचाइ विकास डिभिजन

खोटाङ, नेपाल

## ठेक्का सम्झौता अन्त्य किन नगर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/११/१३)

यस जलश्रोत तथा सिंचाइ विकास डिभिजन, खोटाङ र स्काई/रामसागर/विवश जे.भी बीच लोकतान्त्रिक सिंचाइ योजना, दिप्रुंग चुचुम्मा गा.पा. ४, ५ को निर्माण कार्यका लागि ठेक्का नं. MIP/LIP/IDD-KHOT/NCB-01/075-076 अन्तर्गत मिति २०७६/०३/२३ मा सम्झौता भई निर्माण कार्य अघि बढेको तर सो ठेक्काको न्युन कार्य प्रगति भएको, कुनै समस्या विना लामो समयसम्म निर्माण कार्य रोकिएको र यस कार्यालयबाट निर्माण कार्य अगाडि बढाउन विभिन्न मितिमा लिखित तथा मौखिक ताकेता गर्दा समेत कुनै निर्माण कार्य आगाडि नबढेको, कार्यालयको कुनै पनि पत्राचारको स्पष्ट जवाफ नदिएको तथा संशोधित कार्यतालिका पेश गर्ने सम्बन्धी कार्यालयको पत्र/सूचनालाई समेत बेवास्ता गरी निर्माण कार्य सम्पन्न नगरेको तथा निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखिएको हुँदा सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ र ठेक्का सम्झौताको शर्तहरु बमोजिम ठेक्का सम्झौता अन्त्य किन नगर्ने? ठेक्का सम्झौता अन्त्य गर्न नपर्ने कुनै मनासिब कारण भएमा १५ (पन्ध्र) दिनभित्र विश्वासनीय स्पष्टीकरण सहित अधिकारिक व्यक्तिहरु यस कार्यालयमा उपस्थित हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। समयमा उपस्थित भई स्पष्टीकरण पेश नगरेमा वा प्राप्त स्पष्टीकरण चित्तबुझ्दो नभएमा निर्माण सम्झौतामा उल्लेखित प्रावधान अनुसार कार्य-सम्पादन जमानत रकम दावी गर्ने तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम निर्माण सम्झौता तोड्ने र कालोसूचीमा सिफारिस गर्ने एवं सरकारी बाँकी असुलउपर गर्ने र ठेक्का सम्झौता शर्त तथा प्रचलित ऐन/नियम बमोजिम कानुनी कारवाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

| सि.नं. | निर्माण व्यवसायीको नाम, ठेगाना | ठेक्का सम्झौता नं. | कामको विवरण |
|---|---|---|---|
| १. | स्काई/रामसागर/विवश जे.भी., अनामनगर, काठमाण्डौं | MIP/LIP/IDD-KHOT/NCB-01/075-076 | Construction of Intake, Canal and Canal Structure of Loktantrik ISP, Diprung Chuichumma RM 4 & 5, Khotang |

**डिभिजन प्रमुख**